देवानगञ्ज गाउँपालिका
Dewanganj Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
कृषि सेवा शाखा
Office Of Rural Municipal Executive
देवानगञ्ज, सुनसरी
Dewanganj, Sunsari
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.स ०८१/०८२
चलानी .नं:

मिति:२०८२/०१/०४

सूचना !! सूचना !! सूचना !!

**विषय:- उन्नत धानको विऊ खरिदको लागो शिलबन्दी कोटेशन स्थगित गरिएको बारे।**

उपरोक्त सम्बन्धमा यस देवानगञ्ज गाउँपालिका अन्तर्गत रहेका कृषि विकाश शाखाको चालु आ.ब २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकार शसर्त अनुदान अन्तर्गत खाधान्न बालीको उन्नत विऊ उपयोगमा अनुदान शिर्षक अन्तर्गत ५०% अनुदानमा धानको उन्नतजातको विऊ खरिद तथा वितरण गर्न विभिन्न आपूर्तिकर्ता मार्फत दर भाऊको शिलबन्दी कोटेशन मिति २०८१/१२/२२ गतेमा प्रकाशित सुचना अनुसार मांग गरिसकेकोमा नेपाल सरकार कृषि तथा पशुपन्छी विकाश मन्त्रालय कृषि विभाग हरिहरभवन ललितपुरको नयाँ पत्रिकामा २०८२/०१/०३ गते गरेको प्रकाशित सुचना अनुसार उन्नत धानको विऊ आपूर्तिकर्ता, खरिदकर्ता उपयोगकर्ता र उन्नत विऊ उत्पादकलाई उपलब्ध हुने गरि प्रोत्साहन अनुदान रकम आदि **Digitalally Enabled Seed Management System (DESES)** मा **Online** आवेदन तथा मांग आपूर्ति विवरण प्रविस्ट गरि मात्र करोबार अगाडी बढाउने प्राबधान भएको हुनाले तत्काल यस गाउँपालिका बाट प्रकाशित सूचना अनुसार शिलबन्दी कोटेशनलाई स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैमा यो जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

०८२/०१/०४

इन्द्र नारायण साह
कृषि शाखा प्रमुख
(अधिकृत छैटौं)

"खुशी किसान देवानगञ्जको पहिचान"

सम्पर्क:www.dewanganjmun.gov.np, Email:dewanganjmun@gmail.com / ito.dewanganjmun@gmail.com

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विभाग

हरिहरभवन, ललितपुर।

नयाँ पत्रिकामा २०८२/०१/०३ गते प्रकाशित

## धानको उन्नत बीउ उत्पादनमा प्रोत्साहन तथा उन्नत बीउ बिजन प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि अनलाइन आवेदन तथा माग, आपूर्ति विवरण प्रविष्ट गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२ बैशाख ३ गते बुधबार)**

संघ, प्रदेश तथा स्थानीय तहको सहकार्य र समन्वयमा गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति एवम् वितरण प्रणालीलाई सुदृढीकरण बनाई बीउ उत्पादक तथा प्रयोगकर्ता कृषकहरुलाई प्रदान गर्ने प्रोत्साहन अनुदानलाई पारदर्शी एवम् एकद्वार प्रणाली मार्फत व्यवस्थापन गर्न स्वीकृत **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८१** बमोजिम चालु आर्थिक वर्ष २०८१/०८२ मा संघीय सशर्त बजेट मार्फत कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यलय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) बाट सञ्चालन हुने **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान** एवम् कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरू मार्फत सञ्चालन हुने **उन्नत बीउ बिजनको प्रयोगमा मूल्य अनुदानमा** सहभागी हुन बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.doanepal.gov.np मार्फत् वा www.doanepal.gov.np वेवसाइटको DESES मा गई **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यक्रम** अन्तरगत राखिएको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन** र **उन्नत बीउ प्रयोगमा मूल्य अनुदानमा** गई देहाय बमोजिमका शर्तहरू तथा समय सीमा भित्र तोकिएका कागजातहरू अपलोड गरी अनलाइन रजिष्ट्रेसन (यस अघि रजिष्ट्रेसन भएकाले पुनः रजिष्ट्रेसन गर्न नपर्ने, सोझै लग इन गर्न सक्ने) भई बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान सम्भागमा** धानको उन्नत बीउ आपूर्ति विवरण तथा सम्बन्धित स्थानीय तहहरूले आ-आफ्नो स्थानीय तहमा कृषकहरूबाट धानको उन्नत बीउको माग संकलन गरी यस कार्यक्रमका लागि विनियोजित संघीय सशर्त बजेटबाट ५० प्रतिशत मूल्य अनुदान उपलब्ध गराउन सकिने धानको उन्नत बीउको परिमाण मात्र **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान सम्भागमा** माग विवरण प्रविष्ट गर्नुहुन सूचित गरिन्छ।

**शर्त/बन्देज तथा समय सीमा**

१. धानको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा प्रयोगमा मूल्य अनुदान उपलब्ध हुने धानका जात/प्रोत्साहन/मूल्य अनुदान देहाय बमोजिम हुनेछ।

| बीउको प्रकृति | धान बालीका जातहरू | उन्नत बीउको मूल्य (रु प्रति के.जी.) | उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान रकम (रु. प्रति के.जी.) | उन्नत बीउ प्रयोगमा कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु. प्रति के.जी.) |
|---|---|---|---|---|
| मोटो/मध्यम | बहुगुणी-१, बहुगुणी-२, सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, सुख्खा धान-४, सुख्खा धान-५, सुख्खा धान-६, हर्दिनाथ-२, हर्दिनाथ-३, हर्दिनाथ-४, हर्दिनाथ-५, सावित्री, स्वर्ण सब-१, राधा-४, राधा-७, राधा-११, राधा-१२, राधा-१३, राधा-१४ मकवानपुर-१, चैते-२, चैते-६, सेहराङ्ग सब-१, घैया-३, गंगासागर-१, गंगासागर-२, लोकतन्त्र, तरहरा-१ | ६२ | १७ | यस तालिकामा उल्लेख भएको मूल्यमा कार्यविधिको दफा ८ को उपदफा ३ को खण्ड (छ) अनुसार कायम हुने मूल्यको ५० प्रतिशत मूल्य अनुदान उपलब्ध हुने। |
| मसिनो | हर्दिनाथ-१, हर्दिनाथ-६, सावाँ मसुली सब-१*, हर्दिनाथ सावाँ मन्सुली, रामधान, चैते-५, तरहरा धान -२ | ६८ | २२ | |
| खुमल श्रृंखलाका जातहरू मसिनो र बासनादार एवम् उच्च पहाडी क्षेत्रमा लागि उपयुक्त जातहरू | खुमल-४ खुमल-६, खुमल-१०, खुमल-११, खुमल-१२, खुमल-१३, खुमल-१४, खुमल बासमती-१६, सुगन्धित धान-१, लल्का बासमती, सुनौलो सुगन्धा, सुद्धोधन कालानमक, पोखेली जाठोबुढो, छोमरोङ्ग, माछापुच्छ्रे-३, चन्दननाथ-१, चन्दननाथ-३, लेकाली धान-१, लेकाली धान-३ | ९८ | २८ | |

(* अनिवार्य रुपमा बीउ उपचार गर्नुपर्ने)

२. बीउ व्यवसायी अनुमतिपत्र लिएका बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानमा सहभागी हुन पाउने छन्।

३. धानको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवेदन गर्ने उन्नत बीउ उत्पादनकले शर्तको १ नम्बर बुँदामा उल्लेख गरिएको मूल्यमा बीउ प्रशोधन, बीउ उपचार लगायत बीउ उत्पादनका सबै शर्तहरू पुरा गरी गुणस्तरीय टयागिङ्ग व्यागिङ्ग तथा लेवलिङ्ग भएको उन्नत बीउ उपलब्ध गराउनुपर्नेछ।

४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको बासलात बमोजिम अनिवार्य रूपमा बीउको आपूर्ति गर्नुपर्नेछ।

५. **रजिष्ट्रेसन/लग इन प्रारम्भ मितिः २०८२ बैशाख ३ गते बुधबार**

६. **रजिष्ट्रेसन समाप्त हुने मितिः २०८२ बैशाख १२ गते शुक्रबार**

७. **DESES मार्फत् सम्बन्धित स्थानीय तहले उन्नत बीउ माग तथा बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मिति २०८२ बैशाख १७ गते बुधबारसम्म।**

८. थप जानकारीका लागि www.moald.gov.np र www.doanepal.gov.np मा राखिएको **बीउ बिजन उत्पादन आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८१** हेर्न सकिनेछ र कृषि विभाग, हरिहरभवन ललितपुरः सम्पर्कः ०१-५४२१३२३, ९८४५०७८८४३, ९८४७०६१९९८ तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरू।